# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३] काठमाडौं, फागुन १६ गते २०२० साल [अतिरिक्ताङ्क २९


श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. २४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### केही कानूनी व्यवस्थालाई संशोधन र पुनः व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावनाः–** शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सदाचार, सुविधा र आर्थिक हित कायम राख्ने समेतको सार्वजनिक हितका लागि केही कानूनी व्यवस्थालाई पुनः व्यवस्थापन गर्नु वाञ्छनीय भएकोले,



602

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइ बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२०" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ ।

२. केही नेपाल कानूनको संशोधन र पुनः व्यवस्थापनः– (१) अनुसूची १ को दोस्रो कालममा लेखिएका नेपाल कानूनको प्रस्तावनामा सोही अनुसूचीको तेस्रो कालममा लेखिए बमोजिम संशोधन गरिएको छ ।

(२) अनुसूची २ मा लेखिएका नेपाल कानूनमा सोही अनुसूचीमा लेखिए बमोजिम संशोधन गरिएको छ ।

(३) पूर्ण वा आंशिक रूपमा नेपालको संविधानसंग बाझिई निस्कृय हुने भएको अनुसूची १ को दोस्रो कालममा लेखिएका नेपाल कानूनहरूका त्यस्तो निस्कृय हुने जति कानूनी व्यवस्थाहरू यो ऐन प्रारम्भ हुनुभन्दा अघि भएका संशोधन र अनुसूची २ मा लेखिए बमोजिमको संशोधन सहित यसै ऐनद्वारा पुनः व्यवस्थित गरिएका छन् ।

३. केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) अध्यादेश, २०२० निस्कृय भएपछि त्यस्को परिणामः– केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) अध्यादेश, २०२० निस्कृय भएपछि अर्कै अभिप्राय नदेखिएसम्म सो निस्कृयताले–

(क) निस्कृय हुंदाको बखत कायम नरहेको कुनै कुरालाई जगाउदैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रित पुऱ्याई अघिनै गरिएको कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्दैन,

(ग) सो अध्यादेश बमोजिम पाएको हासिल गरेको वा भोगेको कुनै हक सुविधा कर्तव्य वा दायित्वमा असर पार्दैन, र

(घ) माथि लेखिएको कुनै त्यस्तो हक सुविधा कर्तव्य वा दायित्यका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्दैन र उक्त अध्यादेश कायम रहेसम्म त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई शुरू गर्न, चालू राख्न वा लागूगर्न सकिने छ ।

## अनुसूची–१

| कालम १<br>क्रमसंख्या | कालम २<br>ऐनको नाम | कालम ३<br>संशोधन |
|---|---|---|
| १. | कालो बजार ऐन, २००८ | "सो कालो बजार रोक्ने" भन्ने वाक्यांशको सट्टा "कालो बजार रोकी सर्वसाधारण जनताको सुविधा कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |

६०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २. मिलमा बनेको कपासको सूती धागो र सूती कपडाको चोर बजारी र चोरी निकासी नियन्त्रण कानून, २००८ | "मन्त्रिमण्डलको सल्लाह अनुसार" भन्ने वाक्यांश र "यो कानून जारी गरिबक्सेको छ" भन्ने वाक्यांशको बीचमा "सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश थपिएको छ। |
| ३. काठमाडौं उपत्यकाञ्चल कमिश्नर मजिष्ट्रेटको सवाल, २००९ | "काम काज गर्ने भएकोले यो सवाल बनेको छ" भन्ने वाक्यांशको सट्टा "शान्ति र व्यवस्था कायम राख्न यो सवाल बनाई जारी गरिएको छ" भन्ने वाक्यांश राखिएको छ। |
| ४. पुलिस ऐन, २०१२ | दोस्रो प्रकरणको "तथा कानून र व्यवस्था कायम गर्ने सुयोग्य साधन बनाउनुपर्ने" भन्ने वाक्यांशको सट्टा "सुयोग्य साधन बनाई शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश राखिएको छ। |
| ५. आवश्यक वस्तु संरक्षण ऐन, २०१२ | पहिलो पंक्तिको "जन उपयोगको" भन्ने शब्दहरूको अगाडि "सर्वसाधारण जनताको सुविधा कायम राख्न" भन्ने वाक्यांश थपिएको छ। |
| ६. नेपाल राष्ट्र बैंक ऐन,२०१२ | पहिलो पंक्तिको "नेपाली नोट" भन्ने शब्दहरूको अगाडि "सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश थपिएको छ। |
| ७. मधेश गोस्वारा ऐन, २०१२ | पहिलो पंक्तिको "मधेश जिल्ला" भन्ने शब्दहरूको अगाडि "शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश थपिएको छ। |
| ८. मधेश गोस्वारा ऐन,२०१२ (पहाडतर्फसमेत) लागू गर्ने ऐन, २०१४ | पहिलो पंक्तिको "मधेश गोस्वारा ऐन,२०१२" भन्ने शब्दहरूको अगाडि "शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश थपिएको छ। |
| ९. अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ | "सरकारी कामको निमित्त" भन्ने शब्दहरूको सट्टा "शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश राखिएको छ। |
| १०. प्राचीन स्मारक संरक्षण, ऐन, २०१३ | "गर्नुपर्ने उचित तथा आवश्यक देखिएकोले" भन्ने वाक्यांशको सट्टा "गरी शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ। |
| ११. नेपाल खानी ऐन, २०१३ | "जनहितको निमित्त" भन्ने वाक्यांशको सट्टा "सर्व- |

606

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | | साधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| १२. | प्रादेशिक विकास योजनाहरू (कार्यान्वित ) ऐन, २०१३ | "गर्न निमित्त व्यवस्था गर्न" भन्ने वाक्यांशको सट्टा "हुने व्यवस्था गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| १३. | निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ | "गर्नुपर्ने" भन्ने शब्दहरूको सट्टा "गरी शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| १४. | भूमि सम्बन्धी ऐन,२०१४ | पहिलो पंक्तिको "भूमि सम्बन्धमा" भन्ने शब्दहरूको अगाडि "सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश थपिएको छ । |
| १५. | नेपाल एजेन्सी ऐन, २०१४ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी सर्व साधारण जनताको सुविधा र आर्थिक हीत कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ। |
| १६. | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ । |
| १७. | रेडियो ऐन,२०१४ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी शान्ति र व्यवस्था कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ । |
| १८. | अन्तःशुल्क ऐन, २०१५ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी सर्वसाधारण जनताको सदाचार, सुविधा र आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| १९. | जंगली जीवजन्तु (संरक्षण) ऐन, २०१५ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सदाचार कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ । |
| २०. | तथ्यांक ऐन, २०१५ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ । |
| २१. | गैर सैनिक हवाई उडान | "गर्नु आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी |

608

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| | (सिभिल एभिएशन) ऐन, २०१५ | शान्ति र व्यवस्था एवं सर्वसाधारण जनाको सुविधा कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ । |
| २२. | कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ | "गर्न आवश्यक परेकोले" भन्ने वाक्यांशको सट्टा "गरी शान्ति र व्यवस्था र सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले" भन्ने वाक्यांश राखिएको छ । |
| २३. | जलचर संरक्षण ऐन,२०१७ | पहिलो पंक्तिको "जलचरहरूको" भन्ने शब्दको अगाडि "शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न" भन्ने वाक्यांश थपिएको छ । |
| २४. | मादक पदार्थ ऐन, २०१७ | पहिलो पंक्तिको "सार्वजनिक हितका लागि" भन्ने वाक्यांशको सट्टा "सर्वसाधारण जनताको सदाचार, सुविधा, स्वास्थ्य एवं आर्थिक हित कायम राख्नको लागि" भन्ने वाक्यांश राखिएको छ । |
| २५. | गाउं पञ्चायत ऐन, २०१८ | "मिल्ने गराउन" भन्ने शब्दहरूको सट्टा "मिल्ने गराई शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| २६. | नगर पञ्चायत ऐन,२०१९ | "तुल्याउने व्यवस्था गर्नु" भन्ने शब्दहरूको सट्टा "तुल्याई शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| २७. | नेपाल मुद्रा ऐन,२०१९ | पहिलो पंक्तिको "मुद्रा" भन्ने शब्दको अगाडि "शान्ति र व्यवस्था कायम राख्न" भन्ने वाक्यांश थपिएको छ । |
| २८. | हुलाक ऐन, २०१९ | "नेपालका नागरिकहरूको सुविधाका लागि" भन्ने वाक्यांशको सट्टा "सर्वसाधारण जनताको सुविधा कायम राख्न" भन्ने वाक्यांश राखिएको छ । |
| २९. | टेलिकम्यूनिकेशन ऐन, २०१९ | पहिलो पंक्तिको "नेपाल" भन्ने शब्दको अगाडि "शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा कायम राख्न" भन्ने वाक्यांश थपिएको छ । |
| ३०. | भन्सार ऐन, २०१९ | पहिलो पंक्तिको "काठमाडौं" भन्ने शब्दको अगाडि "शान्ति र व्यवस्था एवं सर्वसाधारण जनताको सुविधा कायम राख्न" भन्ने वाक्यांश थपिएको छ । |

609

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची २

## नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१०

(१) दफा २ को खण्ड (झ), (ञ) र (ठ) को सट्टा निम्नलिखित खण्ड (झ), (ञ) र (ठ) राखिएको छः–

"(झ) श्री ५ को सरकार" भन्नाले–

(क) नेपाल अन्तरिम शासन विधान प्रारम्भ भएदेखि २०१६ साल आषाढ १५ गतेसम्म गरिएको कुनै कामका सम्बन्धमा मन्त्रिमण्डल रहेको अवस्थामा नेपाल अन्तरिम शासन विधान बमोजिम मन्त्रीहरूको सल्लाह अनुसार र मन्त्रिमण्डल नरहेको अवस्थामा मन्त्रिपरिषद् वा सभासदहरूको सल्लाहअनुसार वा शाही विशेषाधिकार प्रयोग गरी काम गरिबक्सेको श्री ५ महाराजाधिराजलाई, र

(ख) २०१६ साल आषाढ १६ गतेदेखि २०१९ साल मार्ग मसान्तभित्र गरिएको वा गरिनुपर्ने कुनै कामका सम्बन्धमा मन्त्रिमण्डल रहेको अवस्थामा नेपाल अधिराज्यको संविधान बमोजिम मन्त्रिमण्डलको सिफारिशमा वा कुनै प्रश्नको सम्बन्धमा तत्सम्बन्धी कारवाइ गर्न प्रधानमन्त्रीबाट अख्तयार पाएको मन्त्रीको सिफारिशमा र मन्त्रिमण्डल नरहेको अवस्थामा उक्त संविधानमा भएका अरू व्यवस्था बमोजिम अधिकार प्रयोग गरी काम गरिबक्सने श्री ५ महाराजाधिराजलाई, र

(ग) २०१९ साल पौष १ गतेदेखि गरिएका वा गरिनुपर्ने कुनै कामका सम्बन्धमा नेपालको संविधान बमोजिम मन्त्रिपरिषद्को सल्लाह अनुसार वा संकटकालिन अवस्थामा सो संविधानको धारा ८१ बमोजिमको अधिकार प्रयोग गरी काम गरिबक्सने श्री ५ महाराजाधिराजलाई सम्झनु पर्छ।

"(ञ) श्री ५ महाराजाधिराजका सम्बन्धमा प्रयोग गरिएको शब्दहरूलेः–

(क) २०१६ साल आषाढ १६ गतेभन्दा पहिले भएको कामका सम्बन्धमा–

(१) राजकीय परिषद् ऐन, २०१० र राजकीय परिषद् ऐन, २०११ बमोजिम बनेको राजकीय परिषद्, र

(२) २०११ साल फाल्गुण ७ गते श्री ५ महाराजाधिराजद्वारा बक्सेको अधिकार र शाही विशेषाधिकार प्रयोग गरी काम गरिबक्सने श्री ५ युवराजाधिराज, र

(३) राजकीय अधिकार प्रत्यायोजन ऐन, २०१२ बमोजिम नियुक्त भैबक्सेको राजप्रतिनिधि, र

६९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) २०१६ साल आषाढ १६ गतेदेखि २०१९ साल मार्ग मसान्तभित्र गरिए-को वा गरिनुपर्ने कामका सम्बन्धमा नेपाल अधिराज्यको संविधान बमोजिम श्री ५ महाराजाधिराजको अधिकार प्रयोग गर्ने वा गर्न अधिकार पाएको व्यक्ति, र

(ग) २०१९ साल पौष १ गतेदेखि गरिएको वा गरिनुपर्ने कामका सम्बन्धमा नेपालको संविधान बमोजिम अधिकार पाएको राज्य सहायक वा राज्य सहायक परिषद् वा उक्त संविधानको धारा ८६ बमोजिम अधिकार प्रयोग गर्ने व्यक्ति वा व्यक्तिहरूलाई समेत जनाउंछ ।

"(ठ) नेपाल ऐन– यो शब्दले २००७ साल फाल्गुण ७ गते उपरान्त श्री ५ महाराजाधिराजबाट जारी गरिबक्सेका कुनै ऐन र नेपाल अन्तरिम शासन विधान, २००७ वा नेपाल अधिराज्यको संविधान वा नेपालको संविधान बमोजिम बनेको जुनसुकै ऐनलाई सम्झनु पर्छ ।"

## काठमाडौं कमिश्नर मेजिष्ट्रेटको सवाल, २०११

दफा २ को खण्ड (ख) को दोस्रो पंक्तिमा रहेको "३ दिन" भन्ने शब्दको सट्टा "२४ घण्टा" भन्ने शब्द राखिएको छ ।

## नागरिक अधिकार ऐन, २०१२

(१) दफा २ को सट्टा निम्नलिखित दफा २ राखिएको छः–

"२. परिभाषाः– यस ऐनमा "नागरिक" भन्नाले नेपालको संविधानको धारा ७ र नेपाली नागरिकता ऐन, २०२० बमोजिमको नेपालको नागरिकलाई सम्झनु पर्छ ।"

(२) दफा ३ को सट्टा निम्नलिखित दफा ३ राखिएको छः–

"३. कानूनको दृष्टिमा समानताः– प्रचलित नेपाल कानूनका अधीनमा रही कानूनको अगाडि समानता र कानूनको समान संरक्षण कुनै नागरिकलाई पनि इन्कार गरिनेछैन ।"

(३) दफा ४ को सट्टा निम्न लिखित दफा ४ राखिएको छः–

"४ धर्म, जात, जाति वा लिङ्गको आधारमा भेदभाव नगर्नेः– कुनै सरकारी पदमा नियुक्ति गर्दा श्री ५ को सरकारले योग्यताको आधारमा मात्र नियुक्ति गर्नेछ र सरकारी सेवा वा अरू कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।'

(४) दफा ६ को शिर बेहोराको "प्रचलित ऐन" भन्ने शब्दहरूको सट्टा "प्रचलित नेपाल कानून" भन्ने शब्दहरू राखिएको छ ।

(५) दफा ७ को शिर बेहोराको सट्टा निम्नलिखित शिर बेहोरा राखिएको छः–

६५१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"प्रचलित नेपाल कानून बमोजिम बाहेक कुनै धार्मिक सम्प्रदायको देहायका हक हरूमा कसैले हस्तक्षेप गर्न हुँदैन"।

(६) दफा ९ को "ऐन" भन्ने शब्दको सट्टा "प्रचलित नेपाल कानून" भन्ने शब्दहरू राखिएको छ।

(७) दफा १० को "प्रचलित ऐन" भन्ने शब्दहरूको सट्टा "प्रचलित नेपाल कानून" भन्ने शब्दहरू राखिएको छ।

(८) दफा ११ को उप-दफा (१) को सट्टा निम्नलिखित उप-दफा (१) राखिएको छः-

"(१) कुनै व्यक्तिलाई पनि तत्काल प्रचलित नेपाल कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै सजाय हुने छैन र कसूर गर्दाको अवस्थामा प्रचलित नेपाल कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।"

(९) दफा १२ को सट्टा निम्नलिखित दफा १२ राखिएको छः-

"१२. वैयक्तिक स्वतन्त्रताः- प्रचलित नेपाल कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरिने छैन।"

(१०) दफा १३ को सट्टा निम्नलिखित दफा १३ राखिएको छः-

"१३. इच्छा विरुद्ध काम गराउन मनाहीः- प्रचलित नेपाल कानून बमोजिम बाहेक कसैले कुनै मानिसलाई उसको इच्छा विरुद्ध काम गराउन हुँदैन।"

(११) दफा १५ को सट्टा निम्नलिखित दफा १५ राखिएको छः-

"१५. गिरफ्तारीका सम्बन्धमा बचाउः- (१) प्रचलित नेपाल कानूनले अन्यथा हुनेमा बाहेक गिरफ्तार भएको व्यक्तिलाईः-

(क) गिरफ्तारीका कारणसहितको सूचना यथाशक्य चांडो नदिई राखिने छैन।

(ख) आफूले रोजेको कानूनी व्यवसायी वा कानून बमोजिमको वारिससंग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट बञ्चित गरिने छैन।

(२) प्रचलित नेपाल कानूनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन।

(३) उप-दफा (१) र उप-दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शत्रु राज्यका नागरिक वा निवारक नजरवन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत

६९७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गिरफ्तार भएको वा नजरवन्द रहेको व्यक्तिलाई सो उप–दफाहरू अन्तर्गतको कुनै अधिकार प्राप्त हुनेछैन ।

(१२) दफा १९ को उप–दफा (१) मा रहेको "सरकारी सेक्रेटरी" भन्ने शब्दहरूको सट्टा "श्री ५ को सरकारको सचिव" भन्ने शब्दहरू राखिएको छ ।

## विकास समिति ऐन, २०१३

(१) दफा ५ को उप–दफा (४) खारेज गरिएको छ ।

(२) दफा ६ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "नेपाल अन्तरीम शासन विधान अन्तर्गत गठित पब्लिक सर्भिस कमिशन" भन्ने शब्दहरूको सट्टा "लोक सेवा आयोग" भन्ने शब्दहरू राखिएको छ ।

## लेखा परीक्षण ऐन, २०१८

(१) दफा २ को खण्ड (क) को सट्टा निम्नलिखित खण्ड (क) राखिएको छः–

"(क) 'सरकारी अफिस' भन्नाले राजसभा, राष्ट्रिय पञ्चायत, सर्वोच्च अदालत र सो मातहतका अड्डा अदालत, लोक सेवा आयोगको अफिसलगायत सबै सरकारी मन्त्रालय, विभाग अड्डा अदालत समिति वा आयोग र विदेशस्थित शाही राजदूतावास, शाही कन्सल जनरल वा अन्य शाही मिशनको अफिससमेतलाई जनाउँछ ।"

(२) दफा ८ को सट्टा निम्नलिखित दफा ८ राखिएको छः–

"८. संगठीत संस्थाहरूको लेखा परीक्षण गर्नेः– (१) श्री ५ को सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखा परीक्षण महालेखा परीक्षक द्वारा हुनेछ र सो बमोजिम गर्दा महालेखा परीक्षकले देहायका कुराहरूको परीक्षण गर्नु पर्छ ।

(क) संस्थाद्वारा गरिएको आर्थिक व्यवहार एवं खर्च कानून बमोजिम भए गरेको छ छैन,

(ख) संस्थाका चल अचल जायज्यथा, दायित्व आम्दानी एवं खर्चको लेखा ठीक छ छैन,

(ग) संस्थाबाट गरिने आर्थिक व्यवहार एवं खर्चमा दुरूपयोग हुन नपाउने गरी पर्याप्त आर्थिक व्यवस्था छ छैन, सम्बन्धित नियम, विनियम तथा नियन्त्रण पर्याप्त छ छैन र ती कुराहरू अनुसार गरिएको छ छैन,

(घ) खर्च भएका कलमहरूको सबूत प्रमाण यथेष्ट छ छैन र सो कलमहरू कानून बमोजिम खर्च गर्न स्वीकृत भएको हो होइन,

(ङ) संस्थाको भण्डार, गोदाम र तहबीलको मौज्दात ठीक छ छैन,

692

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) निकासा वा कानून अनुसार आर्थिक व्यवहार गरेका भए तापनि बेमुनासिब तरिकाले वा संस्थाको चल अचल सम्पत्तिको दुरूपयोग हुने गरी गरेको छ छैन।

स्पष्टीकरणः– यस दफाका तात्पर्यको लागि श्री ५ को सरकारको स्वामित्व भएको संगठीत संस्था भन्नाले सम्पूर्ण वा घटीमा ५१ ℅ प्रतिशत सम्म श्री ५ को सरकारको शेयर वा स्टक रहेको संगठीत संस्थालाई सम्झनु पर्छ।

(२) उप–दफा (१) मा लेखिएको संस्थाहरू बाहेक सञ्चित कोष वा अरू कुनै सरकारी कोषबाट शेयर खरीद भै राखेको वा ऋण दिई राखेको वा श्री ५ को सरकारले प्रचलित नेपाल कानून बमोजिम सञ्चालक समितिको एक वा एक भन्दा बढी सञ्चालक मुकर्रर गर्न पाउने भैराखेको वा लेखा परीक्षक (अडिटर) मुकर्रर गर्न पाउने भैराखेको कुनै संगठीत संस्थाको लेखा र नगदी जिन्सीको मौज्दात र तत्सम्बन्धी कागजातहरू महालेखा परीक्षकबाट जचाउन श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेमा सो बमोजिम गर्न महालेखा परीक्षकको कर्तव्य हुनेछ।

(३) कुनै संगठीत संस्थाको लेखा परीक्षण गर्दा सो संस्थाबाट दस्तूर पाउने वा नपाउने र पाउने हो भने के कति पाउने बारेको व्यवस्था यो ऐन अन्तर्गत बन्ने नियममा तोकिए बमोजिम हुनेछ।

(३) दफा १० को उपदफा (१) को "नेपाल अधिराज्यको संविधान" भन्ने शब्दहरूको सट्टा "नेपालको संविधान" भन्ने शब्दहरू राखिएको छ।

लालमोहर सदर मिति २०२०।११।१६।६

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह–सचिव।

698

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।